बैठक संख्या :- १६६
मिति :- २०८१।०८।१०, सोमबार
समय :- बिहान ७:३० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विनोद भट्टराई | सचिव (प्र.प्र.अ.) |

Scanned with CamScanner

बैठक संख्या :- १६६
मिति :- २०८१/०८/१० (सोमबार)
समय :- बिहान ७:३० बजे

## प्रस्तावहरु :

१. विभिन्न कार्यविधि स्वीकृत सम्बन्धमा ।
२. गणपति होटलको भवन निर्माण सम्वन्धमा ।
३. विज्ञापन रद्ध (कम्प्यूटर अपरेटर, जे.टि.ए. कृषि र जे.टि.ए. पशु) सम्बन्धमा ।
४. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।
५. ल्याण्ड फिल्ड साइटको फोहर, मैला, कवाड विक्री सम्बन्धमा ।
६. ट्रस निर्माण सम्बन्धमा ।
७. आन्तरिक राजश्व वृद्धि सम्बन्धमा ।
८. सुनकोशी मरिण डाइभर्सनको पत्र सम्बन्धमा ।
९. वालुवा प्रशोधन उद्योगको बेरुजु सम्बन्धमा ।
१०. अन्तराष्ट्रिय विश्व आदिवासी दिवस खर्च अनुमोदन सम्बन्धमा ।
११. वडास्तरीय योजना तथा कार्यक्रमहरु तर्फ स्वीकृत विपद्, भैपरी तथा फूटकर योजना संचालन सम्बन्धमा ।
१२. नगर प्रहरी पोशाक सम्बन्धमा ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

**मिति २०८१ मंसिर १० गते बसेको १६६ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १ :** विभिन्न कार्यविधि स्वीकृत सम्बन्धमा ।

**निर्णय :** आजको बैठकमा स्वीकृतीको लागि पेश भएको तपशिलका निर्देशिकाहरु स्वीकृत गरियो ।

क) विपद् व्यवस्थापन कोष संचालन निर्देशिका, २०८१

ख) मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्ताव नं. २ :** गणपति होटलको भवन निर्माण सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिका वडा नं. ४ ढुङ्ग्रेवास सिन्धुलीमा रहेको गणपति होटेल एण्ड रिसोर्ट प्रा. लि. ले यस कमलामाई नगरपालिका वडा नं. ४ साविक शिद्देश्वर गा.वि.स. वडा नं. ९ख कित्ता नं १५४५, १५६६, १४६२ क्षेत्रफल ०-१-०-०, ०-९-९-२, ०-०-६-० मा होटेल भवन निर्माण गर्न अनुमति माग गरेकोमा अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :** विज्ञापन रद्ध (कम्प्यूटर अपरेटर, जे.टि.ए. कृषि र जे.टि.ए. पशु) सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिकाबाट मिति २०७९/५/२७ मा प्रकाशित विज्ञापन नं. ०७/०७९/०८०, जे.टि.ए. भेटेनरी चौथो, ०८/०७९/०८०, जे.टि.ए. कृषि चौथो र मिति २०७९/१२/२०, ११/०७९/०८० कम्प्यूटर अपरेटर, सहायक चौथो पदको विज्ञापन भई आवेदन पर्न आएका पदहरुको लामो समय व्यतित हुँदा समेत परिक्षा संचालन हुन नसकेको अवस्थामा उक्त विज्ञापनहरु रद्ध गरी आवेदकहरुको दस्तुर आगामी नगरसभाबाट अनुमोदन हुने गरी फिर्ता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :** विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिका भित्र रहेका विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति १ महिना भित्र गठन गर्नको लागि सम्बन्धित विद्यालयहरुलाई शिक्षा शाखा मार्फत निर्देशन दिने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. ५ : ल्याण्ड फिल्ड साइटको फोहर, मैला, कवाड विक्री सम्बन्धमा ।**

**निर्णय :** आर्थिक वर्ष २०८०/८१ मा ल्याण्ड फिल्ड साइटको फोहर मैला, कवाड विक्री रु. १३,५५,००० ।– मा यस आ.व. २०८१/०८२ को लागि १३,५५,००० ।– न्यूनतम् अंक कायम गरी मिति २०८१/३/१७ मा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा ठेक्का नलागी मिति २०८१/४/२ मा दोश्रो पटक सूचना आव्हान गर्दा पनि ठेक्का नलागेकोले मिति २०८१/४/१८ मा ठेक्का नलागे पछि तेश्रो पटक मिति २०८१/४/१८ मा सूचना आव्हान गर्दा पनि ठेक्का नलागेको हुँदा मिति २०८१/४/१ देखि सूचना प्रकाशनको अवधिसम्म मिति २०८१/८/२० गतेसम्मको ५,२६,९४० ।– घटाई बाँकी रु. ८,२८,६०० ।– न्य ूनतम् अंक कायम गरी बाँकी अवधिको लागि ७ दिने सूचना आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : ट्रस निर्माण सम्बन्धमा ।**

**निर्णय :** यस कमलामाई नगरपालिका वडा नं. ६ स्थित लोकतान्त्रिक चौरमा निर्माण भएको पसल कवल कोठा नं. ५ र ६ को सटर माथि प्राविधिक लगत स्टिमेट गराई ट्रस निर्माण गरी भाडामा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : आन्तरिक राजश्व वृद्धि सम्बन्धमा ।**

**निर्णय :** सबै नागरिकहरुलाई समान रुपले करको दायरामा ल्याई नगरपालिकाको आम्दानी अभिवृद्धि गर्न नगरपालिकाबाट सेवा सुविधा लिने नागरिकहरुले नगरपालिकामा बुझाउनु पर्ने कर अनिवार्य रुपले बुझाउनु पर्ने व्यवस्था मिलाउन स्थानीय राजश्व परामर्श समितिबाट सिफारीस भई आएको हुँदा सोही बमोजिम आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : सुनकोशी मरिण डाइभर्सनको पत्र सम्बन्धमा ।**

**निर्णय :** सुनकोशी मरिण डाइभर्सन आयोजनाको पत्र मार्फत आयोजना निर्णयको क्रममा उत्खनन् भएको बालुवा जिम्मा लिई ठेक्का बन्दोवस्तीको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

**प्रस्ताव नं. ९ : बालुवा प्रशोधन उद्योगको बेरुजु सम्बन्धमा ।**

**निर्णय :** नगरपालिकामा बालुवा प्रशोधन उद्योगको रुपमा भक्त वासिङ्ग प्लाण्ट, सिन्धुली कन्स्ट्रक्सन र सि.एस. कन्स्ट्रक्सन एण्ड कन्क्रिट प्रोडक्सन प्रा.लि. दर्ता भएको र नगरपालिकाले इजाजत प्रमाण–पत्र प्रदान गरेको भएता पनि बालुवा प्रशोधन उद्योगहरुले आफूले उत्पादन गरेको परिमाण र नियानुसार बुझाउनु पर्ने उत्पादन कर तथा उत्पादन गरिने नदीजन्य कच्चा पदार्थको स्रोत समेत नगरपालिकामा समयमा नबुझाउँदा महालेखा परीक्षकको कार्यलयले आ.व. २०७९/०८० को लेखापरीक्षक कार्य गर्दा ३ वटै वासिङ्ग कम्पनीको नाममा बेरुजु कायम गरेकोमा कायम गरेकोमा बेरुजु अंक गणना गर्दा नमिलेको र वार्षिक बेरुजु गणना त्रुटीपूर्व भएकोले वास्तविक हुनु पर्ने बेरुजु रकम बराबरको बेरुजु दाखिला सम्बन्धित बालुवा प्रशोधन उद्योगहरुबाट गर्न लगाउने र महालेखा परीक्षक कार्यालयबाट खटि आएको डोर समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो । साथै, कार्यालयलाई दिनु पर्ने प्रतिवेदन बुझाउनु पर्ने कर समयमै बुझाउन र इजाजत मापदण्डको पालना गर्न सम्बन्धित बालुवा प्रशोधन उद्योगलाई निर्देशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : अन्तराष्ट्रिय विश्व आदिवासी दिवस खर्च अनुमोदन सम्बन्धमा ।**

**निर्णय :** विश्व आदिवासी दिवसमा भएको खर्च सम्बन्धित बिनियोजन बजेटबाट नेपाल आदिवासी जनजाति महासंघलाई रु. १,००,००० ।– भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : वडास्तरीय योजना तथा कार्यक्रमहरु तर्फ स्वीकृत विपद्, भैपरी तथा फूटकर योजना संचालन सम्बन्धमा ।**

**निर्णय :** १५औं नगरसभाबाट स्वीकृत वडा स्तरीय योजना तथा कार्यक्रमहरु अन्तर्गत विपद् भैपरी तथा फुटकर कार्यक्रम तर्फ विनियोजित रकमबाट आवश्यक योजना तथा कार्यक्रमहरु छनौट गरीव स्वीकृत गर्ने अधिकार सम्बन्धित वडा समितिलाई दिने निर्णय गरियो ।

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

Scanned with CamScanner

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

**प्रस्ताव नं. १२ :** नगर प्रहरी पोशाक सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिकामा कार्यरत नगर प्रहरीहरुले प्रयोग गर्दै आइ रहेको पोशाकलाई विभिन्न कार्यहरुमा सोही पोशाक प्रयोग गर्ने र अन्य औपचारिक कार्यक्रम, सभामा जाँदा खरानी रंगको शर्ट तथा आकाशे निलो रंगको पाइन्ट थप पोशाकको रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner